## 3 समस्या परेको बेला सम्पर्क गर्ने स्थानहरू

बालबालिकाहरूको विद्यालयको दैनिक जीवन, बालबालिका हुर्काउने आदि सम्बन्धी समस्या परेका कुराहरू वा चिन्ता लागेका कुराहरूबारे परामर्श गर्न सकिने सेवाहरूको जानकारी दिइन्छ।

| | विवरण | सम्पर्क स्थान |
|---|---|---|
| **विदेशी बालबालिका तथा विद्यार्थीहरूको लागि शैक्षिक परामर्श डेस्क**<br>होमपेज | दोभाषे मार्फत बालबालिकाको शिक्षा सम्बन्धी टेलिफोन परामर्श तथा प्रत्यक्ष परामर्श (प्रत्यक्ष परामर्शको लागि अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ) गरिन्छ।<br>· **सेवा समय: हरेक शुक्रबार 1:00 PM ～ 5:00 PM**<br>· **उपलब्ध भाषाहरू: जापानी, अंग्रेजी, चिनियाँ, कोरियाली तथा उत्तर कोरियाली भाषा**<br>• **होमपेज (भाषा परिवर्तन गर्न सकिन्छ।)**<br>https://e-sodan.metro.tokyo.lg.jp/tel/foreign/index.html<br>• **बहुभाषिक पर्चा**<br>https://e-sodan.metro.tokyo.lg.jp/pdf/2023_f_leaflet.pdf | **टोक्यो महानगरपालिका शैक्षिक परामर्श केन्द्र**<br>सामान्य शैक्षिक परामर्श तथा टोक्यो महानगरपालिका बुलिङ (इजिमे) परामर्श हटलाइन<br>**फोन: 0120-53-8288**<br>उच्च माध्यमिक विद्यालयमा माथिल्लो कक्षामा जाने, भविष्यको अध्ययन वा रोजगारी तथा भर्ना सम्बन्धी परामर्श<br>**फोन: 03-3360-4175** |
| **ग्युत्तो च्याट**<br>होमपेज | यो बालबालिका तथा बालबालिका हुर्काइरहेका अभिभावकहरूले दैनिक जीवनका पीर वा चिन्ताबारे आफ्नो नाम नखुलाई, निशुल्क कुरा गर्न सकिने टोक्यो महानगरपालिकाको च्याट परामर्श डेस्क हो।<br>विद्यालय र घरका कुरा तथा बालबालिका हुर्काउने कुरा सम्बन्धी कुनै समस्या वा चिन्ता भएको बेला, आफू एक्लैले मनमा बोकेर नबसी, तपाईं ढुक्क भएर परामर्श गर्न सक्नुहुन्छ।<br>· **परामर्श समय: 3:00 PM ～ 12:00 AM**<br>· **उपलब्ध भाषाहरू: जापानी, अंग्रेजी, चिनियाँ र कोरियाली भाषा**<br>*तपाईंले प्रयोग गर्ने डिभाइसको ब्राउजरमा सेटिङ गरेमा, च्याटको विवरण माथि उल्लेख गरिएका भाषा बाहेकका अन्य भाषाहरूमा पनि अनुवाद गर्न सकिन्छ।<br>• **होमपेज (भाषा परिवर्तन गर्न सकिन्छ।)**<br>https://gyutto-chat.metro.tokyo.lg.jp/<br>• **बहुभाषिक पर्चा**<br>https://www.kodomoseisaku.metro.tokyo.lg.jp/jigyo/suisin-team/kosodatenotsunagarisousyutu/gyutto-chat | **ग्युत्तो च्याट सञ्चालन कार्यालय**<br>**सोधपुछ फाराम**<br>**https://logoform.jp/form/tmgform/gyutto-chat** |

रेइवा 8 साल सेप्टेम्बर प्रकाशन
सम्पादन तथा प्रकाशन: टोक्यो महानगरपालिका शिक्षा नियोग, विश्वव्यापी मानव संसाधन विकास विभाग, अन्तर्राष्ट्रिय शिक्षा योजना शाखा
टोक्यो महानगरपालिका सिन्ज्युकु सहर निसी सिन्ज्युकु 2-8-1 163-8001
फोन: 03-5320-6893
इमेल: S0311301@section.metro.tokyo.jp



# अभिभावकहरूको लागि उच्च माध्यमिक विद्यालयको दैनिक जीवनको जापानी भाषा गाइड



- **टोक्यो महानगरपालिकाद्वारा सञ्चालित उच्च माध्यमिक विद्यालयको एक वर्षको अवधि**～टोक्यो महानगरपालिकाद्वारा सञ्चालित उच्च माध्यमिक विद्यालयको उदाहरणको जानकारी दिइन्छ।～
- **विद्यालयको दैनिक जीवनमा प्रयोग हुने शब्दहरू**
- **समस्या परेको बेला सम्पर्क गर्ने स्थानहरू**

**टोक्यो महानगरपालिका शिक्षा बोर्ड**

# 1 टोक्यो महानगरपालिकाद्वारा सञ्चालित उच्च माध्यमिक विद्यालयको एक वर्षको अवधि

टोक्यो महानगरपालिकाद्वारा सञ्चालित उच्च माध्यमिक विद्यालयको एक वर्षको अवधि निम्न अनुसार हुनेछ। विद्यालयअनुसार योजना फरक हुन्छ।

| पहिलो शैक्षिक सत्र | | | | | दोस्रो शैक्षिक सत्र | | | | तेस्रो शैक्षिक सत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अप्रिल | मे | जुन | जुलाई | अगस्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर | जनवरी | फेब्रुअरी | मार्च |
| भर्ना समारोह<br>शैक्षिक सत्र प्रारम्भ समारोह | खेलकुद महोत्सव | | शैक्षिक सत्र समाप्ति समारोह | गर्मी बिदा | शैक्षिक सत्र प्रारम्भ समारोह<br>सांस्कृतिक महोत्सव | | शैक्षिक भ्रमण | शैक्षिक सत्र समाप्ति समारोह<br>जाडो बिदा | शैक्षिक सत्र प्रारम्भ समारोह | | ग्राजुएसन समारोह<br>वसन्त बिदा<br>पाठ्यक्रम समापन समारोह |

नयाँ शैक्षिक वर्ष अप्रिलदेखि सुरु हुन्छ।

गर्मी बिदा लगभग 1 महिना हुन्छ।

विद्यालय वा उक्त वर्षअनुसार भ्रमणको गन्तव्य फरक हुन्छ।

मार्चमा विद्यालयको एक वर्ष समाप्त हुन्छ।











# 2 विद्यालयको दैनिक जीवनमा प्रयोग हुने शब्दहरू

टोक्यो महानगरपालिकाद्वारा सञ्चालित उच्च माध्यमिक विद्यालयको दैनिक जीवनमा धेरै प्रयोग गरिने शब्दहरूको जानकारी दिइन्छ।

## विद्यालयका कार्यक्रम सम्बन्धी शब्दहरू

यो विद्यालयको शैक्षिक गतिविधिहरू मध्येको एक हो।

### 始業式
(Shigyōshiki ·शैक्षकि सत्र प्रारम्भ समारोह)

यो शैक्षिक सत्रको सुरुमा आयोजना गरिने कार्यक्रम हो।

### 終業式
(Shūgyōshiki ·शैक्षकि सत्र समाप्त समारोह)

यो शैक्षिक सत्रको अन्त्यमा आयोजना गरिने कार्यक्रम हो।

### 体育祭
(Taiikusai ·खेलकुद महोत्सव)

विद्यालयका सबैले खेलकुद मार्फत स्वस्थ मन र शरीर तथा एकअर्कासँग सहकार्य गर्ने भावनाको विकास गर्छन्।

### 文化祭
(Bunkasai ·सांस्कृतिक महोत्सव)

क्लासको योजना आदिबाट सिकाइका उपलब्धिहरू प्रस्तुत गरी, एकअर्काको राम्रो पक्षलाई स्वीकार तथा सम्मान गरिन्छ।

### 修学旅行
(Shūgaku Ryokō ·शैक्षकि भ्रमण)

आवासीय शैक्षिक कार्यक्रममार्फत आफैले सोचेर काम गर्ने क्षमता र अरूसँग सहकार्य गर्ने क्षमता विकास हुन्छ।



## अध्ययन तथा नतिजा सम्बन्धी शब्दहरू

### 定期考査
(Teiki Kōsa ·नियमित परीक्षा)

यो प्रत्येक शैक्षिक सत्रमा लिइने परीक्षा हो। यसमा त्यस बेलासम्मको अध्ययनमा गरिएको प्रगतिको जाँच गरिन्छ। (मध्यावधि परीक्षा र अन्तिम परीक्षा)

### 単位
(Tan'i ·क्रेडिट)

यो कुनै विषय अध्ययन गरेको परिमाणलाई संख्यामा देखाइने एकाइ हो।
(उदाहरण: हप्तामा 1 घण्टा पढाइ हुने विषय लिएर 1 वर्ष अध्ययन गरेको खण्डमा 1 क्रेडिट)

### 履修
(Rishū ·विषय अध्ययन गर्नु)

यो शैक्षिक पाठ्यक्रमअनुसार विषयको क्लास लिनु हो।

### 修得
(Shūtoku ·क्रेडिट प्राप्त गर्नु)

कुनै विषय लिएर अध्ययन गरेको परिणाम स्वरूप, मूल्याङ्कनपछि क्रेडिटको मान्यता प्राप्त गर्नु हो।

माथिल्लो कक्षामा जान र ग्राजुएट हुन आवश्यक क्रेडिटको लागि तोकिएका विषयहरूको कक्षा लिएर अध्ययन गरी क्रेडिट प्राप्त गर्नुपर्नेछ।